दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली , दाङ
लुम्बिनी प्रदेश,नेपाल

## स्यानिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना ।

**प्रथम सुचना प्रकाशित मिति २०७९/१२/२८ गते**

यस दंगीशरण गाउँपालिका दाङ अन्तर्गतका सामुदायिक विद्यालय अध्ययनरत किशोरावस्थामा महिनावारी हुने उमेर समूहका छात्राहरुलाई निःशुल्क वितरण गर्न आवश्यक पर्ने स्यानिटरी प्याड सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/व्याबसायीहरु बाट निम्न सर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

सर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र यस दंगीशरण गाउँपालिकाको कार्यालय दाङबाट प्रत्येक सिलबन्दी दरभाउपत्र फारामका लागी रु १०००।०० (अक्षरुपी एक हजार मात्र) सिलबन्दी दरभाउपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्ने निवेदनका साथ व्यवसायी प्रमाण-पत्र, नबिकरण प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्रको सक्कलै स्क्यान अथवा नोटरी द्वारा प्रमाणित प्रतिलिपि पेश गरी, PPMO को Website **www.bolpatra.gov.np/egp** बाट प्रकृया पुर्याई विद्युतीय खरिद प्रणाली (E-Bidding) गर्न सकिनेछ र E-Bidding का लागि कुमारी बैंक,दंगीशरण शाखामा रहेको दंगीशरण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं (ग-१.१) २५२०२४७०२५०००१० (for Bid Document Cost) मा जम्मा गरेको सक्कल भौचर स्क्यानिङ्ग गरी राख्नुपर्नेछ र दरभाउपत्र विद्युतिय खरिद प्रणालीबाट मात्र खरिद गर्नुपर्नेछ ।

२. विद्युतीय खरिद प्रणालीबाट खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारिक सहि र फर्मको छाप लगाई उल्लेखित वेवसाइटबाट मात्र दर्ता गराउनु पर्नेछ ।

३. विद्युतीय खरिद प्रणालीबाट मात्र दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा दंगीशरण गाउँपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्रदाता ले तोकिए बमोजिम धरौटी रकम कुमारी बैंक,दंगीशरण शाखामा यस कार्यालयको नाममा रहेको बैंक धरौटी खाता नं. (ग-३) २५२०२४७०५२००००३ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको दरभाउपत्र खोलिने अन्तिम मितीले ९० दिन म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरेकको हुनुपर्नेछ ।

७. बोलपत्रदाताले स्यानिटरी प्याडको न्युनतम (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३ को उपदफा ४ संग सम्बन्धित अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको स्यानिटरी प्याडको न्यूनतम मापदण्ड अनुसारको सामाग्री उपलब्ध गराउनुपर्ने छ ।

८. सार्वजनिक खरिद नियमावली २०६३ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

९. छनौट हुने बोलपत्रदाताले खरिद हुने स्यानिटरी प्याड यस कार्यालयले तोकेको विद्यालयहरुमा ढुवानी गर्नुपर्ने छ ।

१०. यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.नं. | दरभाउपत्र नं | कामको विवरण | अनुमानित ल.ई.अ. (भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | DRM/SQ/2079/080-18 | स्यानिटरी प्याड खरिद | ११२३११५.१४ | ३३६००.०० | |

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत